आज मिति २०८१।०१।२५ गते नारायण नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री लोमन शर्मा ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको ३८ औं वैठक बसि निम्न प्रस्तावहरु माथि दफावार छलफल भई तपसिल अनुसार निर्णयहरु गरियो ।

**उपस्थिति**

| क.स. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोमन शर्मा | नगर प्रमुख | |
| २ | श्री तप्ता कुमारी खडका थापा | नगर उप प्रमुख | |
| ३ | श्री रेशम बहादुर बुढा | प्र.प्र.अधिकृत सदस्य सचिव | |
| ४ | श्री सन्देश कुमार श्रेष्ठ | सदस्य १ नं वडा अध्यक्ष | |
| ५ | श्री रेशम बहादुर थापा | सदस्य २ नं वडा अध्यक्ष | |
| ६ | श्री चन्द्र प्रसाद उपाध्याय | सदस्य ३ नं. वडा अध्यक्ष | |
| ७ | श्री चन्द्र बहादुर कटुवाल | सदस्य ४ नं वडा अध्यक्ष | |
| ८ | श्री ऐमान सिं थापा | सदस्य ५ नं वडा अध्यक्ष | |
| ९ | श्री कृष्ण प्रसाद ~~सुवेदी~~ गैरी | सदस्य ६ नं का.वा.वडा अध्यक्ष | |
| १० | श्री खडग बहादुर शाही | सदस्य.७ नं.वडा अध्यक्ष | |
| ११ | श्री गोपाल कुमार वि.सी. | सदस्य.८ नं वडा अध्यक्ष | |
| १२ | श्री महेन्द्र बिक्रम खडका | सदस्य ९ नं.वडा अध्यक्ष | |
| १३ | श्री लाल बहादुर बस्नेत | सदस्य १० नं वडा अध्यक्ष | |
| १४ | श्री दिर्घ बहादुर मल्ल | सदस्य ११ नं वडा अध्यक्ष | |
| १५ | श्री रत्ना कुमारी थापा | का.पा.सदस्य | |
| १६ | श्री मनसरा अधिकारी | का.पा.सदस्य | |
| १७ | श्री भोज कुमारी कोइराला | का.पा.सदस्य | |
| १८ | श्री खगिसरा सुनार | का.पा.सदस्य | |
| १९ | श्री रत्नकलि सार्की | का.पा.सदस्य | |
| २० | श्री वखत बहादुर नेपाली | का.पा.सदस्य | |
| २१ | श्री तिर्थ बहादुर दमाई | का.पा.सदस्य | |

**आमन्त्रित**

श्री पदम बहादुर सापकोटा व. शाखा अधिकृत (आ.टी.)

| | | | |
|---|---|---|---|
| १ | प्रेम कुमार उपाध्याय | नगर प्रमख ज्यूको सचिवालय प्रमुख | |
| २ | उज्वल क. विक | सूचना प्रविधि अधिकृत | |
| ३ | | | |

निर्णय नं १

आगामी आ.व.२०८२।०८३ मा प्रदेश सरकारबाट संचालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका तपसिलका आयोजनाहरु छनौट गरि योजना कार्यान्वयनका लागि मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय सुर्खेतलाई अनुरोध गरि पठाउने निर्णय गरियो ।

तपसिल

| क.स. | आयोजना | वडा नं |
|---|---|---|
| १ | रानीधारा जलाधार संरक्षण तथा पार्क निर्माण योजना | वडा नं १ |
| २ | २ नं वडा भरि सिंचाई तथा खानेपानी ट्याङ्की निर्माण योजना ४ वटा | वडा नं २ |
| ३ | ज्यामुने सिंचाई कुलो निर्माण योजना कालिमाटी | वडा न ३ |
| ४ | फलेखोला देखि मार्सिखेतसम्म सिचाईकुलो निर्माण | वडा न ४ |
| ५ | सुविगैरा सन्तके, चिसापानी खोला, भैसीखोर ,तल्लोधारा साउनेपानी खानेपानी तथा सिंचाई योजना निर्माण | वडा नं ५ |
| ६ | वेमौसमी,मौसमी तरकारीखेती पूर्वाधार निर्माण | वडा न ६ |
| ७ | वडावत चोक देखि गौदावारी हुदै जार्जखोला जोडने सडक स्तरोन्न्ती कार्य | वडा न ७ |
| ८ | वेमौसमी,मौसमी तरकारीखेती पूर्वाधार निर्माण | वडा नं ८ |
| ९ | साँडु जुगेपानी, वाँसकोट सिचाई खानेपानी तथा सरसफाई योजना | वडा नं ९ |
| १० | ढाडखोला देखि पनेरी खोलासम्म सिंचाई कुलो निर्माण | वडा नं १० |
| ११ | राईली त्रिपानी कृषि खेती योग्य जमिन घेरवार योजना | वडा न ११ |

निर्णय नं २

नारायण नगरपालिका दैलेखले तयार गरेको वालिका विशेष कार्यक्रम संचालन कार्यविधि २०८२, योजना र बजेट प्रकृयामा नागरिक संलग्नता नीति २०८२ र लैगिङ्ग हिंसा निवारण कोष परिचालन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं ३**

आगामी आ.व. २०८२।०८३ मा शिर्षकगत प्राप्त बजेट अनुमान विनियोजनका लागि तपसिल अनुसारको बजेट अनुमान समिति निर्माण गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक: नगर उप प्रमुख श्री तप्ता कुमारी खडका थापा

सदस्य: ६ नं वडा अध्यक्ष श्री जनक प्रसाद न्यौपाने

सदस्य: ८ नं वडा अध्यक्ष श्री गोपाल कुमार वि.सी.

सदस्य: २ नं वडा अध्यक्ष श्री रेशम बहादुर थापा

सदस्य: १ नं वडा अध्यक्ष श्री सन्देश कुमार श्रेष्ठ

सदस्य: ९ नं वडा अध्यक्ष श्री महेन्द्र बिक्रम खडका

सदस्य: का.पा. सदस्य श्री वखत नेपाली

सदस्य : का.पा. सदस्य श्री रत्ना कुमारी थापा

**निर्णय नं ४**

नारायण नगरपालिका दैलेखको वालमैत्री स्थानीय शासन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

कर्णाली छोरी सम्मेलन २०८२ संचालनका लागि श्री ज्योति फाउन्डेसन, विरेन्द्रनगर ६ सुर्खेतलाई रु. १० हजार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६**

नारायण नगरपालिका वडा नं ६ र ७ मा रहेको श्री भैरव साँस्कृतिक मञ्च विजौरालाई नगरस्तरीय पुरुष भलिवल प्रतियोगिता संचालन गर्न रु ७,००० (अक्षरुपी सात हजार) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**

विगत लामो समय देखि नारायण नगरपालिका अन्तर्गतका वडाहरुमा कार्यरत सामाजिक परिचालकहरु लाई सहकर्मी समाज नेपाल र यस नगरपालिका बिच भएको सम्झौता अनुरुप टोलविकास संस्था सवलिकरणका लागि साझेदारीमा पारिश्रमिक उपलब्ध गराउने गरि सामुदायिक प्रशिक्षकको रुपमा कामकाजमा खटाउने निर्णय गरियो ।

**निर्णय नं ८**

नारायण नगरपालिका दैलेखमा शसक्त महिला सम्बृद्ध नेपाल कार्यान्वयन कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

मिति २०८१ साल चैत्र १५ गते देखि १९ गते सम्म चामुण्डा विन्द्रासैनी स्पोर्ट्स एकेडेमीको
आयोजनामा संचालित पालिका स्तरीय क्रिकेट प्रतियोगितामा सोत त्रिवेणी क्लव नारायण
नगरपालिका वडा नं ४ ले उक्त प्रतियोगिताका लागि २ (दुई) थान क्रिकेट ब्याड खरिद
गरेको हुँदा उक्त कल्वलाई रु. १०,००० (अक्षरुपी दश हजार) आर्थिक सहायता शिर्षकबाट
रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १०**

नारायण नगरपालिकामा वालमैत्री स्थानीय शासन अबलम्वन तथा घोषणाका लागि नारायण
नगरपालिकाको तर्फबाट प्रतिवद्धता जाहेर गर्दै वि.स. २०८४ वैशाख महिना भित्र
नगरपालिकालाई वालमैत्री स्थानीय शासन नगरपालिका घोषणाको लागि तयारी गर्ने र
पहिलो चरणमा वडा नं १ र ८ बाट सुरुवात गर्ने र वालमैत्री स्थानीय शासनका लागि
नगरपालिकाको वालप्रोफाईल तथा लगानी योजना निर्माण गर्नका लागी यूनिसेफ
लगायतका संघ सस्थाहरु संग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल जिल्ला शाखा दैलेखलाई कला, सँस्कृति
संरक्षण कार्यक्रम संचालनका लागि रु १०,००० (अक्षरुपी दश हजार) आर्थिक सहयोग
उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १२**

नारायण नगरपालिका वडा नं ६ झाकिथान, सुवाखोला , रेडक्रस मा.वि.भूर्ति स्थित निर्माण
भएको मोटरबाटोको नाली बर्षातको कारण पुरिएर घर बस्ति समेतलाई क्षति भएको र उक्त
नाली निकासका लागी खर्च भएको रु १५,००० (अक्षरुपी पध्र हजार) वडा नं ६ अन्तर्गत
वडा भरिका सडक सरसफाई शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।